# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।१२।१३ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

बिराटनगर भन्सार कार्यालयका कार्यालय प्रमुखसमेतले चीनबाट आयात गरेको सामानको प्रज्ञापन पत्र नं.M ७२६ मिति २०७९।०९।२० मा दर्ता गरेपछि सिस्टमबाटै डिलिट गरी अनिमियतता गरेको भन्नेसमेत व्यहोराको उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **बिराटनगर भन्सार कार्यालयका तत्कालीन प्रमुख भन्सार अधिकृत तारा प्रसाद सापकोटा र भन्सार अधिकृत नवकुल शर्मा**ले बिराटनगर भन्सार कार्यालयमा जाचँपासको लागि Dev International Pvt. Ltd. ले ल्याएको समानको जाचपाँस गर्ने कार्यमा न्यून बिजकीकरण गरी गुणस्तर फरक पारी प्रचलित कानूनबमोजिम लिनुपर्ने राजस्व रकम नलिने तथा छोड्ने कोशिस गरेको र भन्सार बिभागबाट नियमित ताकेता तथा निगरानी भएपश्चात system ASYCUDA मार्फत दर्ता भएको प्रज्ञापन पत्र दर्ता नं.M ७२६ को प्रज्ञापनपत्र डिलिट/रद्ध गरेको, भन्सार बिभाग र अर्थ मन्त्रालयबाट लगातार follow up भएको तथा छानबिन समिति गठन गरेपश्चात प्रतिवादी तारा प्रसाद सापकोटा समेतको उपस्थितिमा मिति २०७९/१०/१० (२०२३/०१/२४) गते नयाँ प्रज्ञापन पत्र M ४०५७ दर्ता गरी गराई मिति २०७९/१०/११(२०२३/०१/२५) मा सुरु घोषणा गरेको रकम USD 73432.46 मा USD 86909 डलर मूल्य थप गरी गराई भन्सार प्रक्रिया पूरा गरेर नियमानुसार लाग्ने जम्मा USD 160341.46 राजस्व लाग्ने निर्णय गरी/गराई राजस्व रकम लिई पैठारीकर्ता Dev International Pvt. Ltd. को समान जाँचपास गरेको देखिएकोले प्रचलित कानूनबमोजिम राजश्व निर्धारण गर्दा/वस्तु मुल्याङ्कन गर्दा पेस भएको प्रज्ञापन पत्रको वस्तुको गुणस्तर फरक पारी/पार्न लगाई प्रज्ञापन पत्र नं. M७२६ मा घोषणा भएको मूल्य USD 73432.46 बराबरको मूल्य घोषणा गरी गराएकोमा उक्त USD 73432.46 बराबरको राजस्व रकममा नै भन्सार जाँचपास नभई USD 86909 थप गरी/गराई जम्मा USD 160341.46 रकम राजश्व निर्धारण गरी जाँचपास भएकोले प्रज्ञापनपत्र नं. M७२६ को आधारमा नै मालवस्तु जाँचपास भएको भए पैठारीकर्तालाई रू.८४,५५,६०५।- गैरकानूनी लाभ र नेपाल सरकारको राजश्व चुहावट भई नोक्सान हुने पुष्टि भएकोले निजहरु तारा प्रसाद सापकोटा र नवकुल शर्माले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (घ) बमोजिमको कसुरजन्य कार्यको सोही ऐनको दफा २१ बमोजिमको उद्योगको कसुर अपराध भएको हुँदा निजहरु तारा प्रसाद सापकोटा र नवकुल शर्मालाई बिगो रु.८४,५५,६०५/- (चौरासी लाख पचपन्न हजार छ सय पाँच रुपैयाँ) कायम गरी सोही ऐनको दफा ७ र दफा २१ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको राजस्वको रकमको दोव्वर जरिवाना हुने सजायलाई आधारमानी सोही ऐनको दफा २१ वमोजिम आधा सजाय हुन मागदाबी लिइएको छ।

प्रतिवादीहरु तारा प्रसाद सापकोटा र नवकुल शर्मासमेतले मिति २०७९/०९/२० गते (२०२३/०१/०४) मा दर्ता भएको प्रज्ञापन दर्ता नं ७२६ को प्रज्ञापनपत्र भंसार बिभागबाट जानकारी गराउँदा गराउँदै कानूनबिपरीत रु.८४,५५,६०५/- राजस्व रकम नोक्सान गर्ने गराउने बदनियत राखी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिम सरकारी कागजात नष्ट/नोक्सान गर्ने गराउने कसुरजन्य कार्य गरे गराएको पुष्टि भएको हुँदा निजहरुलाई सोही ऐनको दफा १२ बमोजिम कैद र जरिवाना गरी पाउन तथा भन्सार कार्यालय

बिराटनगरमा मिति २०७९/०९/२६ गते सरन कुमार खरेलले मालवस्तु यार्डमा नआएकोले सम्बन्धित पैठारीकर्तासँग बुझ्दा उक्त मालवस्तु चाईनाबाट हालसम्म चलान नभएकोले प्रज्ञापन पत्र M ७२६ रद्ध गरी पाउँ भनी दिएको निवेदन र सो निवेदनउपर कारवाही हुँदा भन्सार गोदाममा उक्त मालवस्तुको अवस्था चेकजाँच गर्दा निवेदनमा उल्लेख भएअनुसार मालवस्तु नभेटिएको हुँदा निवेदन अनुसार हुन भनी भन्सार अधिकृत नवकुल शर्माले दिएको निवेदनमा नै लिखित प्रतिवेदन दिएको र सो निवेदनमा कार्यालय प्रमुख तारा प्रसाद सापकोटाले सदर गरेको देखिएकोवाट निजहरु तारा प्रसाद सापकोटा र नवकुल शर्माले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को दफा (२) बमोजिमको समेत कसुर गरेको पुष्टि भएको हुँदा निजहरुलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम समेत सजाय हुन मागदाबी लिइएको छ।

Dev International Pvt. Ltd., **सोको संचालक शेरवहादुर वस्नेत र भंसार एजेण्टको प्रतिनिधि सरन कुमार खरेल**समेतको संलग्नतामा बिराटनगर भन्सार कार्यालयमा जाचँपासको लागि देव इन्टरनेशनल प्रा.लि.ले ल्याएको सामानको जाँचपास गर्ने कार्यमा प्रचलित कानून बमोजिम राजश्व निर्धारण गर्दा/वस्तु मुल्याङ्कन गर्दा पेस भएको प्रज्ञापन पत्रको वस्तुको गुणस्तर फरक पारी/पार्न लगाई प्रज्ञापन पत्र नं. M726 मा घोषणा भएको मूल्य USD 73432.46 बराबरको मूल्य घोषणा गरी गराएकोमा भन्सार विभागको उपस्थित, अर्थ मन्त्रालयको छानविन समितिसमेत उपस्थितिको कारणले गर्दा उक्त USD 73432.46 बराबरको राजस्व रकममा नै भन्सार जाँचपास नभई थप USD 86909 थप गरी गराई जम्मा USD 160341.46 रकम राजश्व निर्धारण गरी जाँचपास भएको पुष्टि भएकोवाट प्रज्ञापनपत्र नं.M726 को आधारमा नै मालवस्तु जाँचपास भएको भए पैठारीकर्तालाई रु.८४,५५,६०५।- गैरकानूनी लाभ र नेपाल सरकारको राजश्व चुहावट एवं नोक्सान भएकोले निजहरु Dev International Pvt. Ltd. तथा सोको संचालक शेरवहादुर वस्नेत र सरन कुमार खरेलले गरेको उक्त कार्य मुख्य प्रतिवादीहरु तारा प्रसाद सापकोटा र नवकुल शर्माले गरेको कसुर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (घ) बमोजिमको कसुरजन्य कार्यको सोही ऐनको दफा २१ बमोजिमको उद्योगको कसुरको मतियार भई सोही ऐनको दफा २२ बमोजिम रकम लिने खाने उद्देश्यले कसुर अपराध गरेको हुँदा निजहरु Dev International Pvt. Ltd. तथा सोको संचालक शेरवहादुर वस्नेत र भंसार एजेण्टको प्रतिनिधि सरन कुमार खरेललाई बिगो रु.८४,५५,६०५/- (चौरासी लाख पचपन्न हजार छ सय पाँच रुपैयाँ) कायम गरी सोही ऐनको दफा ७, दफा २१ र दफा २२ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको राजस्व रकमको दोव्वर जरिवाना हुने सजायको आधा सजायलाई आधार मानी सोही ऐनको दफा २२ बमोजिम मूख्य प्रतिवादीहरु तारा प्रसाद सापकोटा र नवकुल शर्मालाई हुने सजाय बरावर सजाय हुन मागदावी लिइएको छ।

साथै, Dev International Pvt. Ltd. तथा सोको संचालक शेरवहादुर वस्नेत र भसार एजेण्टको प्रतिनिधि सरन कुमार खरेलले मुख्य प्रतिवादीहरु तारा प्रसाद सापकोटा र नवकुल शर्माले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ र दफा १९(२) को समेत मतियार भई कार्य कसुर गरेको पुष्टी भएकोले निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ र दफा १९(२) बमोजिम हुने सजायमा सोही ऐनको दफा २२ बमोजिम मुख्य प्रतिवादीहरुलाई हुने सजाय बरावर सजाय गरी पाउनसमेतको मागदाबी लिई आज बिशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
नरहरि घिमिरे